**बूढानीलकण्ठ नगरपालिका**

**बूढानीलकण्ठ नगरकार्यपालिकाको कार्यालयद्वारा प्रकाशित**

**स्थानीय राजपत्र**

**खण्ड : ३** **सङ्ख्या : १४** **मिति : २०७७६।७**

**भाग : २**

# वैदेसिक रोजगारबाट फर्किएका तथा नेपालमा बसी कृषि पेशामा संलग्न युवा लक्षित व्यवसायिक कृषि कार्यक्रम संचालन कार्यविधि, २०७७

**<u>प्रस्तावना</u>**: विदेशमा लामो समय बसी तालिम र उच्च शिक्षा मार्फत् सिप, अनुभव र पूँजी हासिल गरेका युवाहरुलाई स्वदेशमा नै व्यवसाय संचालन गरी देशको आर्थिक विकासमा टेवा पुऱ्याउने वातावरण सृजना गर्न र यसबाट उत्पादनशिल क्षेत्रमा लगानी बढाई थप रोजगारीका अवसर देश भित्रै सृजना गर्न उत्प्रेरणा जगाउनु परेको छ। प्रस्तुत सन्दर्भमा युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने र कृषि क्षेत्रको व्यवसायिकरणबाट आय आर्जन बढाउने उद्देश्यले बैदेसिक रोजगारबाट फर्किएका शिक्षित तथा नेपालमानै बसी कृषि पेशा गर्दै आएका कृषकहरुलाई युवा लक्षित व्यवसायिक कृषि कार्यक्रम संचालन गर्न र बूढानीलकण्ठ नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को कृषि बिकास शाखालाई विनियोजित गरिएको वजेटमा युवा लक्षित व्यवसायिक कृषि कार्यक्रम संचालनका लागि नगर कार्यपालिकाको मिति २०७७।०६।०५ को बैठकले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१। **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यो कार्यविधिको नाम "  वैदेसिक रोजगारबाट फर्किएका तथा शिक्षित युवा लक्षित व्यवसायिक कृषि कार्यक्रम सञ्चालन कार्यविधि, २०७७" हुनेछ।

(२) यो कार्यविधि बूढानीलकण्ठ नगरपालिकाको कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२। **<u>परिभाषा</u>** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा, -

(क) "कार्यालय" बुढानीलकण्ठ नगरपालिका सम्झनु पर्छ।

(ख) "कार्यकम"भन्नाले स्वीकृत बार्षिक कार्यकम र बजेट सम्झनु पर्छ।

(ग) ) "नगरपालिका"भन्नाले बूढानीलकण्ठ नगरपालिका सम्झनु पर्छ।

(घ) "प्रस्ताव" भन्नाले उद्यमीले कार्यक्रम संचालनका लागि पेश गरेको आवेदनको विवरण सम्झनु पर्छ ।

(ङ) "प्रोत्साहन अनुदान" भन्नाले यस कार्यविधि अनुरुप संचालन गर्ने कार्यमा प्रोत्साहन गर्न उपलब्ध गराईने नगद वा पुँजीगत अनुदानलाई सम्झनु पर्छ ।

(च) "विदेश" भन्नाले नेपाल सरकारबाट बैदेशिक रोजगारीको लागि काम गर्ने अनुमति (Work Permit) पाएका देशहरु भन्ने सम्झनु पर्छ ।

(छ) "विदेशबाट फर्केका यूवाहरु" भन्नाले विदेशमा रही कृषि सम्बन्धि सिप, ज्ञान, प्रविधि तथा शिक्षा हाँसिल गरेर स्वदेश फर्केका युवाहरु भन्ने सम्झनु पर्छ ।

(ज) "व्यवसायी" भन्नाले यस कार्यविधि अनुरुप कार्यक्रम संचालनका लागि आवेदन दिने विदेशबाट फर्केका व्यक्तिहरु र शिक्षित युवाहरुलाई सम्झनु पर्छ ।

(झ) "नगरपालिका" भन्नाले बूढानीलकण्ठ नगरपालिका, सम्झनु पर्छ ।

(ञ) "युवा" भन्नाले साक्षर भै कृषि पेशामा संलग्न भएको वा हुन चाहाने १८ देखि ४५ वर्ष पुगेको व्यक्तिलाई सम्झनु पर्छ ।

(ट) "साझेदार" भन्नाले विदेशबाट फर्केका व्यक्तिहरु र नेपालमा रहि कृषि पेशामा संलग्न शिक्षित युवाहरुलाई सम्झनु पर्छ ।

(ठ) "मुल्याकन समिति " भन्नाले यस कार्यविधिको दफा ५ अनुसार गठित समिति सम्झनु पर्छ ।

३। **उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहाय बमोजिमको हुनेछ :-

(क) विदेशबाट फर्किएका र पूँजी आर्जन गरेका युवाहरुलाई स्वदेशमा लगानी र उद्यम गर्ने वातावरण सृजना गर्ने,

(ख) स्वदेशमा रोजगारका अवसर सृजना गरी रोजगारीको लागि विदेशिने क्रम न्युनिकरण गर्न सहयोग पुऱ्याउने तथा थप रोजगारीको सृजना गर्ने,

(ग) नेपाली माटो र हावापानी सुहाउँदो तथा विदेशमा सफल उन्नत प्रविधिहरुको अनुसरण गरी प्रविधि प्रसार गर्ने ।

## परिच्छेद -२

## कार्यक्रम सञ्चालन

४। **प्रस्ताव आव्हानः** (१) सम्बन्धित कार्यालयले कार्यक्रम संचालन गर्न इच्छुक साझेदार, कृषक कृषि फार्महरुबाट निवेदन दिन पन्ध्र दिनको म्याद दिई अनुसूची-१ बमोजिमको सूचना बूढानीलकण्ठ नगरपालिकाको कृषि विकास शाखाले सुचना प्रकाशन गरि निवेदन माग गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आव्हान गरिएको प्रस्तावमा इच्छुक साझेदार संस्थाले अनुसूची-२ बमोजिमको ढाँचामा सम्बन्धित कार्यालयमा प्रस्ताव र निवेदन दर्ता गर्न सक्नेछन् ।

(३) उपदफा (१) बमोजिमको सूचनाको जानकारी यस कार्यक्रम लागू हुने सम्बन्धित नगरपालिका भित्रको वडाहरुमा समेत पठाउनु पर्नेछ ।

**५। <u>मूल्यांकन समितिः</u>** (१) प्रस्ताव मूल्यांकन गरी साझेदार कृषक, कृषि फर्म छनौटको सिफारिस गर्न कार्यालयमा अन्तरिक कार्यविधि २०७७ मा व्यवस्था भए बमोजिमको मूल्यांकन समिति रहनेछ ।

(क) श्री अधिकृत स्तर छैटौ, कृषि बिकास शाखा बू.न.पा. -संयोजक

(ख) श्री अधिकृत स्तर छैटौ, प्रशासन शाखा, बू.न.पा. -सदस्य

(ग) श्री अधिकृत स्तर छैटौ लेखा शाखा बू.न.पा. -सदस्य

(घ) श्री अधिकृत स्तर छैटौ योजना शाखा बू न पा -सदस्य

(ङ) श्री कृषि प्राविधिक चौथो/ पाँचौ,कृषि बिकास शाखा बू.न.पा. -सदस्य सचिव

(२) मूल्यांकन समितिले आवश्यकता अनुसार चार जना सल्लाहकार समितको बैठकमा आमन्त्रण गर्न सक्ने छ । कार्यक्रम प्रभावकारीताको अनुगमनको लागि श्री प्रमुख प्रशासकीय अधिकृत/योजना अधिकृत/लेखा अधिकृत/प्रशासन शाखा प्रमुखलाई निमन्त्रणा गर्न सक्ने ।

(३) प्रचलित कानूनमा व्यवस्था भएको अतिरिक्त मूल्यांकन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) मूल्यांकन समितिले प्राप्त प्रस्तावहरु तोकिएको मापदण्ड बमोजिम मूल्यांकन गरी स्वीकृतिका लागि प्रमुख प्रशासकीय अधिकृतसमक्ष पेश गर्नु पर्नेछ।

(४) मुल्याङ्कनका आधारहरुः

- बैदेशीक रोजगारबाट फर्किएर कृषि पेशामा संलग्न कृषक हुनु पर्ने ।
- नेपालमा रहि कृषि पेशामा संलग्न शिक्षित कृषक ।
- महिलालाई विशेष प्राथमिकता दिईने ।
- कृषि फार्म दर्ता तथा कृषक समूहमा आवद्ध हुनु पर्ने ।
- १८ देखी ५० वर्ष पूरा नभएको ।

**६। <u>सम्झौता</u> :** (१) प्रस्ताव स्वीकृत भएका साझेदार संस्थाले जानकारी प्राप्त गरेको पन्ध्र दिनभित्र अनुसूची-३ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयसीमा भित्र सम्झौता गर्न नआएमा क्रमश दोस्रो र तेस्रो प्राथमिकतामा रहेका साझेदार संस्थासँग सम्झौता गर्न सकिनेछ ।

(३) रितपूर्वकको एक मात्र प्रस्ताव दर्ता हुन आएमा छनौट गरी सम्झौता गर्न बाधा पर्ने छैन ।

(४) उपदफा (२) बमोजिम सम्झौता गर्न नआएमा वा रितपूर्वक कुनै पनि प्रस्ताव पर्न नआएमा पन्ध्र दिनको म्याद दिई पुनःसूचना प्रकाशन गर्नु पर्नेछ ।

**७। <u>विषेश प्राथमिकता</u> :** (१) विदेशवाट आएका युवाहरुलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन बूढानीलकण्ठ नगरपालिका द्वारा संचालित कार्यक्रम तथा आयोजनाहरुसँग समन्वय गरी दोहोरोपना नहुने गरी एकिकृत रुपमा संचालन गर्नु पर्नेछ ।

८। **अनुगमन तथा मूल्यांकन :** (१) यस कार्यक्रमको अनुगमन तथा मूल्यांकन कृषि बिकास शाखाले गर्नेछ । कार्यक्रम प्रभावकारीताको अनुगमनको लागि श्री प्रमुख प्रशासकिय अधिकृत/योजना अधिकृत/लेखा अधिकृत/प्रशासन शाखा प्रमुखले गर्न सक्नेछन ।

(२) यस कार्यक्रमको अनुगमन तथा मूल्यांकन आवश्यकता अनुसार आर्थिक बिकास समिति, र वडा प्रतिनिधिहरुले गर्न सक्नेछन् ।

(३) उपदफा (१) र (२) बमोजिम गरिएको अनुगमन तथा मूल्यांकनको प्रतिवेदन बूढानीलकण्ठ नगरपालिकामा पेश गर्नु पर्नेछ ।

## परिच्छेद -३

## कार्यक्रम सञ्चालनको आर्थिक तथा अन्य पक्ष

८। **अनुदान :** छनौट भएका प्रस्तावलाई स्वीकृत बार्षिक कार्यक्रममा व्यवस्था भए बमोजिम ५० देखी ७५ प्रतिशत सम्म वा अधिकतम १०००००।- सम्म अनुदान उपलब्ध गराइनेछ । लाभान्वित साझेदारले कम्तीमा ५० प्रतिशत रकम साझेदारीको रुपमा स्वयमले व्यहोर्नु पर्नेछ ।

९। **कारवाहीको व्यवस्था :** (१) सम्झौता अनुरुप काम नगर्ने साझेदार संस्थालाई कार्यालयले अनुदान रोक्का गर्नेछ ।

(२) साझेदार संस्थाले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेमा त्यस्ता संस्थाबाट दश प्रतिशत जरिवाना सहित अनुदान रकम असुल उपर गरिनेछ ।

१०। **संशोधन :** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

११। **प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसूची-१

(दफा ४ सँग सम्बन्धित)

**प्रस्ताव आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति : २०  /  /

बूढानीलकण्ठ नगरपालिका, कृषि बिकास शाखा, बागमति प्रदेशको आ.व. ..................को स्वीकृत वार्षिक कार्यक्रम अनुसार वैदेसिक रोजगारबाट फर्किएका तथा नेपालमानै बसी कृषि पेशा गर्दै आएका शिक्षित कृषकहरुलाई युवा लक्षित व्यवसायीक कृषि कार्यक्रम संचालन कार्यविधि, २०७७ बमोजिम वैदेसिक रोजगारबाट फर्किएका तथा नेपालमा बसी कृषि पेशामा संलग्न युवा लक्षित व्यवसायिक कृषि कार्यक्रम संचालन गर्न बूढानीलकण्ठ नगरापालिका, काठमाडौका विदेशबाट फर्केका तथा नेपालमा बसी कृषि पेशामा संलग्न शिक्षित युवाहरुले यो सूचना प्रकाशित भएको १५ औं दिन भित्रमा कार्यालय समय भित्र आईपुग्ने गरी देहाय बमोजिमका कागजात सहित निवेदन साथ अनुसूची-२ बमोजिमको प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

**१।** रु.१० को हुलाक टिकट टाँस गरेको निवेदन ।

**२।** आवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी, पासपोर्टको प्रतिलिपी (विदेशबाट फर्किएका युवाहरुको हकमा) र कृषि फर्मको हकमा संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र ।

**३।** कृषि फर्मको हकमा स्थायी लेखा नम्बर (PAN) को प्रमाणित प्रतिलिपी ।

**४।** प्रस्तावकले लागत साझेदारी गर्ने प्रतिवद्धता गर्नु पर्ने ।

**५।** पस्ताव अनुसारको लागत अनुमान ।

अनुसूची-२

(दफा ४ सँग सम्बन्धित)

## प्रस्ताव-पत्र

**(क) प्राविधिक प्रस्ताव :**

| | | |
|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको नाम | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | |
| ३ | आवेदकको नाम | |
| ४ | ठेगाना | |
| ५ | आवेदकको सम्पर्क टेलिफोन नं., मोबाईल नं. | |
| ६ | आवेदकको email address | |
| ७ | आवेदक संस्थाको दर्ता नम्बर | |
| ८ | दर्ता भएको निकाय र दर्ता मिति | |
| ९ | आवेदक संस्थाको उमेर<br>(दर्ता वा स्थापना पश्चातको अवधी वर्षमा) | |
| १० | भ्याट/पान दर्ता नम्बर | |
| ११ | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु. | |
| १२ | प्रस्तावकले आफ्नै श्रोतबाट ब्यहोर्ने रकम रु. | |
| १३ | बूढानीलकण्ठ नगरपालिकासँग माग गरेको रकम रु. | |

| | |
|---|---|
| १४ | प्रस्तावित कार्यक्रमको उद्देश्य : |
| १४।१ | |
| १४।२ | |
| १४।३ | |
| १४।४ | |
| १४।५ | |
| १५ | प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधारहरु : |

| | | | | |
|---|---|---|---|---|
| १५।१ | सडक सुविधा (छ/छैन) | | नजिकको बजारको नाम | |
| १५।२ | कस्तो सडक छ (कच्चि/पक्कि) | | बजार सम्मको दुरी (कि.मि.) | |
| १५।३ | बिजुलीको सुविधा (छ/छैन) | | सदरमुकाम देखिको दुरी (कि.मि.) | |
| १५।४ | खानेपानीको सुविधा (छ/छैन) | | जग्गाको स्वामित्व (आफ्नै/लिजमा) | |

| | |
|---|---|
| १६ | प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेको संख्या : |

| | | पुरुष | महिला | दलित | जनजाती | अन्य |
|---|---|---|---|---|---|---|
| १७ | लक्षित समुदाय (अप्रत्यक्ष लाभान्वित हुनेको संख्या) | | | | | |

| | |
|---|---|
| १८ | प्रस्तावित कार्यक्रमबाट सम्पन्न गरिने क्रियाकलापहरुको विवरण : |
| १८।१ | |
| १८।२ | |
| १८।३ | |

| १९ | क्रियाकलाप कार्यान्वयन योजना : | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | योजना | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | वैशाख | जेष्ठ | आषाढ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १९।१ | | | | | | | | | | | | | |
| १९।२ | | | | | | | | | | | | | |
| १९।३ | | | | | | | | | | | | | |
| १९।४ | | | | | | | | | | | | | |

| २० | कार्यक्रम समाप्ति पश्चात अपेक्षित उपलब्धिहरु (बुँदागत रुपमा सम्भव भए परिमाण समेत खुलाउने) : | |
|---|---|---|
| | अपेक्षित उपलब्धिहरु | परिमाण |
| २०।१ | | |
| २०।२ | | |
| २०।३ | | |
| २०।४ | | |

| २१ | प्रस्तावित कार्यक्रममा अन्य निकायहरु समेत सामेल भए तिनको नाम र सहकार्य हुने रकम खुलाउने : | |
|---|---|---|
| | प्रस्तावित कार्यक्रममा संलग्न निकायहरुको नाम र ठेगाना | सहकार्य हुने रकम रु. |
| २१।१ | | |
| २१।२ | | |
| २१।३ | | |
| २१।४ | | |

| २२ | प्रस्तावकले विगत वर्षमा सम्पन्न गरेका उल्लेखनिय कार्यहरु (प्रस्तावित कार्यक्रमसँग मेलखाने मात्र): |
|---|---|
| २२।१ | |
| २२।२ | |
| २२।३ | |
| २२।४ | |

| २३ | उपरोक्त कार्य सम्पादनका लागि भएको लगानी रकम रु. | |
|---|---|---|

| २४ | प्रस्तावित कार्यक्रम सम्बन्धि आवेदकको अनुभव र तालिम भए अवधि समेत खुलाउने : | |
|---|---|---|
| | अनुभव तथा तालिमहरु | अवधी |
| २४।१ | | |
| २४।२ | | |
| २४।३ | | |
| २४।४ | | |

| २५ | प्रस्तावकसँग विद्यमान जनशक्ति विवरण : | | |
|---|---|---|---|
| | जनशक्ति विवरण | शैक्षिक योग्यता | तालिमको नाम र अवधी |
| २५।१ | | | |
| २५।२ | | | |
| २५।३ | | | |
| २५।४ | | | |

| २६ | प्रस्तावित कार्यक्रमले सृजना गर्ने थप रोजगारी संख्या : | |
|---|---|---|

**(ख) आर्थिक प्रस्ताव :**

प्रस्तावमा उल्लेखित क्रियाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरण :

| क्र. सं. | मुख्य मुख्य क्रियाकलापहरु | इकाई | परिमाण | प्रति इकाई दर | कुल लागत रकम रु. | प्रस्तावकको योगदान रु. | कार्यालयबाट अनुदान रु. | प्रस्तावकले बेहोर्ने रकमको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |
| | | | | जम्मा रकम रु. | | | | |
| | | | | VAT रकम रु. | | | | |
| | | | | कुल जम्मा रकम रु. | | | | |

उल्लेखित सम्पूर्ण विवरणहरु सही रुपमा पेश गरेको छु/छौं । कहि कतै झुठो ठहरेमा कानून बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउँदछु/छौं ।

प्रस्तावक संस्थाको जिम्मेवार पदाधिकारीको

| | |
|---|---|
| नाम : | |
| पद : | |
| दस्तखत : | |
| मिति : | |
| संस्थाको छाप : | |

अनुसूची-३

(दफा ६ सँग सम्बन्धित)

## सम्झौतापत्र

बूढानीलकण्ठ नगरपालिका, कृषि बिकास शाखा, काठमाडौ को आ.व. ................... को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत लागत साझेदारीमा आधारित बैदेशीक रोजगारीबाट फर्किएका तथा नेपालमा बसी कृषि पेशामा संलग्न युवा लक्षित व्यवसायिक कृषि कार्यक्रम संचालन सम्बन्धी मिति .................... गतेको ........................................................ प्रकाशित सूचना अनुसार पेश हुन आएका प्रस्तावहरु मध्ये श्री .................................. को प्रस्ताव छनौट भएको हुँदा बूढानीलकण्ठ नगरपालिका, कृषि बिकास शाखा,काठमाडौ (यसपछि प्रथम पक्ष भनिने) र श्री ................ .................................................. (यसपछि दोस्रो पक्ष भनिने) विच तपसिल अनुसारका शर्तहरु पालना गर्ने गरी बैदेशीक रोजगारीबाट फर्किएका तथा नेपालमा बसी कृषि पेशामा संलग्न शिक्षित युवा लक्षित व्यवसायिक कृषि कार्यक्रम संचालनका लागि द्वि-पक्षिय सम्झौता गरी बुझिलियौं/दियौं ।

## तपसिल

१। प्रथम पक्षले लागत साझेदारीमा आधारित बैदेशीक रोजगारीबाट फर्किएका तथा नेपालमा बसी कृषि पेशामा संलग्न शिक्षित युवा लक्षित व्यवसायिक कृषि कार्यक्रम संचालनको लागि विनियोजित रु. .................................. मध्ये दुइ प्रतिशत कन्टिनजेन्सी वापतको रु. ..................... कट्टा गरी दोश्रो पक्षलाई रु. ............. ........... (अक्षरुपी .........................................................) बरावरको आर्थिक अनुदान प्रदान गर्नेछ ।

२। दोश्रोपक्षले बाँकी रकमको व्यवस्था गरी यस बूढानीलकण्ठ नगरपालिका,........ नं. वडाको ............................................ भन्ने स्थानमा .............................. सम्ममा कार्यक्रम सम्पन्न गर्नेछ ।

३। दोश्रोपक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव-पत्र अनुसार सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नेछ ।

४। कार्यक्रम संचालनका लागि आवश्यक निर्माण सम्बन्धी डिजाईन, इष्टिमेट, सुपरभिजन, रनिङ्ग विल, अन्तिम विल र कार्य सम्पन्न प्रतिवेदन लगायतका सबै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, संचालन र जग्गाको व्यवस्था आदि दोश्रो पक्षले गर्नेछ ।

५। दोश्रो पक्षले शुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको विल, कार्यसम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष निवेदन पेश गरेपश्चात स्थलगत प्राविधिक प्रतिवेदनका आधारमा सहि ठहरे दोश्रो पक्षलाई प्रथम पक्षले किस्तावन्दीमा रकम भुक्तानी दिनेछ ।

६। प्रथम पक्षले कुनै पनि वखत संचालित कार्यको अनुगमन /निरिक्षण गरी सम्झौता अनुसार कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ ।

७। दोश्रो पक्षले कार्यक्रम संचालन स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहायोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड सबैले देख्ने गरी राख्नेछ ।

८। कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चातको संचालन, व्यवस्थापन, जोखिम र दिगोपनाका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

९। दोश्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा) कार्यक्रमको प्रगति, उपलब्धी एबं कारोबार सम्बन्धी विवरणहरु सम्बन्धीत कार्यालयलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

१०। कार्यक्रम संचालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुबै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

११। सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून र दुबै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

१२। सम्झौता अनुरुप काम नगर्ने दोश्रो पक्षलाई कार्यालयले अनुदान रोक्का गर्नेछ । सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेमा दोश्रो पक्षबाट दश प्रतिशत जरिवाना सहित अनुदान रकम असुल उपर गरिनेछ ।

**दोश्रो पक्षको तर्फबाट :**

दस्तखत :

नाम, थर :

पद :

कृषि फर्म/समूहको नाम :

छाप :

**साक्षी**

दस्तखत :

नाम, थर :

पद :

कार्यालय :

कार्यालयको छाप :

**प्रथम पक्षको तर्फबाट :**

दस्तखत :

नाम, थर :

पद :

कार्यालय :

कार्यालयको छाप :

ईति सम्वत् ................. .साल ................................ महिना ..........गते रोज ......मा शुभम् ॥।

आज्ञाले,
बैकुण्ठ प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति : २०७७।६।५